नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७८/०२ /०३**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका केही कलेजहरूमा विएस्सी (B.SC. Agriculture) विषयमा निःशुल्क छात्रवृत्तिमा मनोनयनका लागि दरखास्त दिएका उम्मेदवारहरूको मनोनयन सूची प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालित केही कलेजहरूमा (गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज, गोकुलेश्वर बैतडी, क्याम्पस अफ लाइभ साइन्सेज फूलबारी, दाङ र पृथु टेक्निकल कलेज लमही, दाङका) कलेजहरूमा स्नातक तहको कृषि विषयको निशुल्क छात्रवृत्तिमा अध्ययनका लागि २०७८ साल बैशाख २९ गतेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसार पूर्वमनोनयनमा परेका र अध्ययन समर्थ भनी निवेदन पठाएका उम्मेदवारहरू र एकजना पूर्वमनोनयनमा परी अध्ययन असमर्थता जाहेर गरेका उम्मेदवारका कारण वैकल्पिक योग्यताक्रम सूचीमा माथि रहेका साधारण तर्फका उम्मेदवारसमेत संलग्न देहायको मनोनयन सूची शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०२/०३ गतेको निर्णयअनुसार सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ । मनोनित उम्मेदवारहरूले यसैसाथ संलग्न कबुलियतनामाको पूर्ण विवरण भरेर २०७८ साल जेठ ७ गतेसम्म आइपुग्नेगरी छात्रवृत्ति शाखाको इमेल applyscholarship@moest.gov.np मार्फत अनिवार्य रूपमा पठाउनु हुन अनुरोध गरिन्छ ।साथै सबै मनोनिनत उम्मेदवारहरूले सम्बन्धित कलेजमा सम्पर्क गरी अध्ययनका लागि जाने समय, प्रक्रिया तथा विधिका विषयमा जानकारी लिन र आफ्ना आवश्यक सक्कल प्रमाणपत्रहरू सम्बन्धित कलेजमा नै बुझाउनु हुन अनुरोध गरिन्छ । सम्बन्धित कलेजहरूले सम्बन्धित उम्मेदवारले बुझाएका प्रमाणपत्र र निजहरूले भरेका विवरणको प्रामाणिकता जाँचबुझ गरी लिने र छात्रवृत्तिमा सिफारिस भएका उम्मेदवारले प्रमाणपत्र बुझाए नबुझाएको तथा अध्ययनका लागि सम्पर्क गरे नगरेको विषयमा यस शाखालाई पत्राचार गरी अविलम्ब जानकारी पठाउनु हुन सूचित गरिन्छ । मनोनयन भएका उम्मेदवारहरूलाई छात्रवृत्ति शाखाले प्रमाणपत्र दिने भएकाले कोभिड १९ को महामारीबाट मुलुक सहज भएपछि आफूले गरेको कबुलियतनामाको सक्कल तथा तीनप्रति अटोसाइजको फोटो लिएर शाखामा सम्पर्क राख्नु पर्ने छ । आफूले पठाएका कागजात छात्रवृत्ति शाखामा पुगेनपुगेको सम्बन्धमा तोकिएकै इमेलबाट जानकारी लिन सकिने छ ।

मनोनयन भएका उम्मेदवारहरू

| SN | MoE RN | MOEST Rank | Name of the Candidates | Gender | Obtained Score | TU Rank | Group | College |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 24 | 3 | Bimala Bhatta | F | 61 | 395 | General-1 | GAASC |
| 2 | 13 | 4 | Shiva Singh Dhami | M | 61 | 423 | General-2 | GAASC |
| 3 | 25 | 5 | Menuka Khatri | F | 61 | 435 | General-3 | PTC |
| 4 | 7 | 7 | Ravi Banjade | M | 60 | 498 | General-4 | PTC |
| 5 | 19 | 8 | Arbind Yadav | M | 59 | 554 | General-5 | CLSc |
| 6 | 6 | 9 | Prithivi Jang Malla | M | 58 | 581 | General-6 | CLSc |
| 7 | 15 | 1 | Pankaj Kumar Shah | M | 60 | 496 | Madheshi-1 | CLSc |
| 8 | 27 | 1 | Muna Bhandari | F | 62 | 349 | Female-1 | PTC |
| 9 | 5 | 1 | Tejisha Shrestha | F | 56 | 732 | Janajati, O-1 | GAASC |
| 10 | 2 | 1 | Akriti Risal | F | 50 | 1022 | Dalit, O-1 | GAASC |

PTC-Prithu Technical College, Dang, GAASC-Gokuleswor Agriculture and Animal Scice,Baitadi, CLSc- Campus of Live Science, Dang

अनुसूची १

*(छात्रवृत्ति सम्बन्धी नियमावलीको नियम २१ को उपनियम (१) सँग सम्बन्धित)*

## कबुलियतनामा

श्री.......................................को नाति/नातिनी श्री ..................................... .को छोरा/छोरी जिल्ला.......................गाउँपालिका/न.पा/महान.पा............................................ वडा नं.......मा स्थायी बसोबास भएको मिति................................मा जन्मेको म .......................................नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्नातक तहको **BSc Ag** विषयमा अध्ययनका लागि श्री ....................................................................कलेज/संस्था/देश मा छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालिम पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ तथा छात्रवृत्ति सम्बन्धी नियमावली बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा, विदेशमा छात्रवृत्ति पाई अध्ययन/तालिममा जाँदा नेपाल सरकार वा विदेशी सरकार वा कुनै संस्थाबाट प्रदान गरिएको रकम र अध्ययन/ तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्चवापतको रकमसमेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो वमोजिम कबुलियतनामा गरी छात्रवृत्ति शाखा मार्फत नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा बुझाएँ ।

छात्रवृत्तिमा मनोनयन भएको उम्मेदवारको

| दायाँ | बायाँ |
|---|---|
| | |

छात्रवृत्ति पाउनेको,-

सही :-

नाम :-

सर्म्पक ठेगाना :-

टेलिफोन नम्बर:

मिति :-

ना.प्र.प.नं. :-

नागरिकता जारी जिल्ला :

नोट:

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म नेपाल सरकारले कामकाजमा खटाएमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।